# मोहम्मद

## सल्लल्लाहो अलैहेवसल्लम

# मानवताको दूत

[ नेपाली - Nepali - نيبالي ]


अतीकुर्रहमान मो.इदरीस खान मक्की

संशोधकः मोहम्मद इदरीस सलफी



2013 - 1434

IslamHouse.com

# محمد صلى الله عليه وسلم
# رسول الإنسانية

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة: محمد إدريس سلفي

2013 - 1434

IslamHouse.com

# मोहम्मद
## सल्लल्लाहो अलैहेवसल्लम
# मानवताको दूत
## गैर मुस्लिम विद्वानहरुको दृष्टिमा

# محمد صلى الله عليه وسلم رسول الإنسانية

**تأليف**

**लेखक**
**अतीकुर्रहमान मो.इदरीस खान**
**विद्यार्थी उम्मुलकुरा महाविश्व विद्यालय**
**पवित्र मक्कः (सउदीअरब)**

**عتيق الرحمن محمد إدريس خان**
**طالب جامعة أم القرى مكة المكرمة**

**المراجعة**

**محمد إدريس سلفي**

प्रकाशित प्रति – १०००

पहिलो प्रकाशन – २०१० ई.सं.

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

पुस्तक पाईने ठेगाना :–

**इस्लामिक गाइडेन्स सेन्टर**
कपिलवस्तु नगरपालिका वार्ड नं ९
महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क मोबाइल नं०– ९८४७०३०७८०

**العنوان**
**مركز الدعوة الإسلامية كفلوستو نغرباليكا قطعة رقم 9 مهوا تولهوا نيبال_ الجوال_9847030780**

# लेखकको भनाई

सबै किसिमको प्रशंसा अल्लाहको लागि छ, र शान्तिहोस् उसको अन्तिम सन्देष्टा मोहम्मद सल्लल्लाहो अलैहेवसल्लम मथि र अन्य सबै सन्देष्टाहरु मथि र उहाँहरुको अनुयायीहरु मथि । यो सानो पुस्तकमा मोहम्मद सल्लल्लाहो अलैहेवसल्लम को जीवनी माथि गैर मुस्लिम विद्वानहरुको विचार र भावनाहरुलाई दर्शाउन खोजेको छु र उहाँको जीवन चरित्र मथि केही प्रकाश पार्न साधारण र सामान्य शब्दहरुको माध्यमबाट हरेक पढनसक्ने सर्वसाधारण ब्यक्तिहरु समेत सम्म आफनो जिज्ञासा राख्न प्रयास गरेको छु ।

यस पुस्तकमा मैले प्रमाणित कुराहरु मात्र राखेकोछु । जुन पढनेहरुलाई मार्गदर्शन गर्छ र इस्लाम विरोधी तत्वलाई र भ्रमित दृष्टिकोणलाई विरोध र भ्रमको अन्धकारबाट शान्तिको प्रकाश तिर लग्नेछ ।

मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमको जीवनीको सत्यता जसलाई विश्वका महान पूरुषहरुले मानेकाछन् , सबैको समक्ष राख्ने लक्ष्य राखि मैले आफनो यो सानो प्रयास गरेकोछु । अल्लाह मेरो यस सानो प्रयासलाई स्वीकारगरि सत्यपथमा निरंतर रहने शक्ति प्रदानगरुन् (आमीन)

**अतीकुर्रहमान मो०ईदरीस खान मक्की**
**महुवा वार्ड नं ९ तौलिहवा कपिलवस्तु (नेपाल)**

बिस्मिल्लाहिर्रहमानिर्रहीम ।

मोहम्मद सल्लल्लाहो अलैहेवसल्लम यस संसारको अन्तिम सन्देष्टा मक्क:को शअबे बनी हाशिम (हाशिमको घाटी)मा ९ रबीउलअव्वल सोमबारको दिन जन्मनु भयो ।

उहाँको आमाको नाम आमेना र बुवामो नाम अब्दुल्लाह थियो । मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमको जन्म भन्दा अघि नै उहाँको पिता अब्दुल्लाहको देहान्त भईसकेको थियो । आमा पछि सबै भन्दा पहिला सोएब:ले उहाँलाई आफ्नो दूध खुवाउनु भयो,फेरि हलीमा सअदिय:ले, र आफ्नो साथ कबीला सअद ल्याउनु भयो र मोहम्मद सल्लल्लाहो अलैहेवसल्लम कबीला सअदमा शक्के सदर (सीना च्यतनु)को घटना सम्म त्यहाँ बस्नु भयो । यस घटनापछि हलीम:ले उहाँलाई मक्क: फिर्तागर्नु भयो, यस पश्चात उहाँ आफ्नो आमा आमेनाको साथ उहाँको स्नेहको छत्रछायामा बस्नु भयो । उहाँको छ ६ वर्षको उमेरमा उहाँको आमाको पनि निधन भयो, यस पश्चात आफ्नो बाजे अब्दुल मुत्तलिबको साथ बस्नु भयो । आठ सालको उमेरमा उहाँको बाजे अब्दुल मुत्तलिबको पनि निधन भयो, फेरी उहाँको काकाले उहाँको हेरचाहगर्ने निर्णय लिई आफ्नो कर्तब्य

निभाउनु भयो । १२ वर्षको उमेरमा आफ्नो काका अबू तालिबको साथ मुल्केशामको (स्पेन) यात्रागर्नु भयो, त्यहाँ एउटा बुहैरः नामक राहिब (धर्मगुरु) सित भेंट भयो, जसले मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमलाई हेर्ने बित्तिकै यो भविष्यवाणी गऱ्यो कि यो बालक आउनेवाला समयमा अन्तिम सन्देष्टा हुन्छ, यस बालकलाई यहूदीहरुको समक्ष कदापि न लग्नुहोला किन कि यहाँको शरीरमा जुन लक्षणहरुछन् । त्यसलाई हेर्ने बित्तिकै यहूदीहरुलाई ज्ञान भईहालछ कि जुन अन्तिम सन्देष्टाको उनीहरु प्रतिक्षा गरिरहेछन् त्यो त अरबमा जन्मिसकेछ, अनि यस बालकलाई मार्न खोजछन् अनि उहाँको काकाले उहाँलाई मक्का फिर्ता पठाइ दिनु भयो । उहाँको २० वर्षको उमेरमा फुज्जार नामक भयंकर युद्ध भयो ।

मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमले बाख्रा चराउनु भयो, ब्यापारगर्नु भयो, र उहाँको ईमान्दारी र पवित्र चरित्रको कारण नै हजरत खदीजाले (उहाँबाट अल्लाह प्रसन्न हुन) मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमसंग विहेगर्नु भयो । विहे समय मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमको उमेर २५ वर्ष र हजरत खदीजाको (उहाँसित अल्लाह प्रसन्न हुन) उमेर ४० वर्ष थियो । हजरत खदीजा (उहाँसित अल्लाह प्रसन्न

हुन) सित मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमलाई यति प्रेम भयो कि उनको जीवनमा उहाँले अरु कसैसंग बिहेगर्नु भएन । जब कुरैशले कअब: जस्को दिवाल ( पर्खाल) पुरानो भएर भत्कन थालेको थियो । त्यसलाई निर्माणगर्ने निर्णय गरे, फेरि हज्रे असवद (कालो ढुङ्गा) लाई कअब:को पर्खालमा राख्ने विषयमा सबैको मतभेद भयो । फेरि सबैले भने जुन यस मस्जिदे हरममा सबै भन्दा पहिला मान्छे आउँछ त्यो नै यस विषयको निर्णयगर्छ । फेरि जब सबैले हेरे कि पहिलो व्यक्ति मोहम्मद सल्लल्लाहो अलैहेवसल्लम आईपुग्नु भएछ । सबै  प्रसन्न भएर भन्न थाले अमीन आँउदैछ हामी यस सत्यवानको निर्णयलाई अवश्य मान्छौ । फेरि मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमले जुन चतुराईले निर्णयगर्नु भयो सबै प्रसन्न भएर उहाँको गुणगान गर्नथाले ।

मोहम्मद सल्लल्लाहो अलैहेवसल्लम मूर्तिपूजनलाई मन पराउँदैन्थे त्यसै कारण मक्क:को गारेहेरामा (हेरा गुफा) गएर अल्लाहको उपासनागर्थे, ४० वर्षको उमेरमा उहाँलाई नबी बनाईयो र गारेहेरामा हजरत जिब्रील पहिलो ५आयत लिएर तपाई माथि अवतरितगरे । फेरि सूर: अल मुजम्मिल र मुदस्सिर द्वारा रसूल बनाएर इस्लामको प्रचारगर्न आदेश

दिईयो । उहाँ माथि ईमान ल्याउनेहरु मध्ये सबै भन्दा पहिलो स्त्री उहाँको स्वासनी हजरत खदीजा र पुरुषमा हजरत अबू बक्रहुन उहाँहरुसित अल्लाह प्रसन्न हुन । मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमले जब मक्कः बासीहरुलाई इस्लामतर्फ बोलाए र भने कि म अल्लाहको रसूल हूँ , मक्कः बासीहरुले उहाँको उपहास गरे, र भने मोहम्मद झूठा छ मोहम्मद लोभी छ, तर जब मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमले उनीहरुलाई कुर्आन सुनाए सबै अवाक भएर भने मोहम्मद त निरक्षर छ यस्तो कलाम ( वाणी) यो कसरी र कहाँबाट ल्याउनसक्छ । सबै सरदारहरुले बिचारगरे पछि उहाँलाई जादूगर भन्न आरम्भगरे , अनि मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमलाई मान्नेवालाहरुलाई विभिन्न प्रकारको यातना दिन प्रारम्भगरे । मोहम्मद सल्लल्लाहो अलैहेवसल्लम प्रचार प्रसारकोलागि ताएफ पनि जानु भयो तर त्यहाँको मान्छेहरुले उहाँ माथि पागल भनेर ढुङ्गा प्रहारगरे। यस घटना पछि उहाँ धेरै दुःखी हुनु भयो, यस कारण अल्लाहले उहाँलाई आफू नजीक बोलाउनु भयो जसलाई हामी मेअ्राजको नामले जान्दछौ, अनि उहाँ माथि पाँच बखतको नमाज अनिवार्य गरियो । मक्कः बासीहरुलाई जब यो कुरा थाहा भयो, उनीहरुले

उहाँलाई पागल मजनु भन्नथाले , फेरि जब अल्लाहले उनीहरुलाई चैलेन्ज (chalange) गरे कि यदि यो अल्लाहको कलाम (ईशवाणी) होईन जुन मोहम्मद सल्लल्लाहो अलैहेवसल्लम तिमीहरुलाई सुनाउछन् भने तिमीहरु पनि यस्तो वाणी ल्याऊ, र यो चैलेन्ज आज पनि कायमै छ , तर के अरब बासीहरु त्यस्तो वाणी ल्याउन सके ? आज सम्म विश्वको कुनै पनि व्यक्ति अल्लाहको वाणी जस्तो ल्याउन र बनाउन सकेन । तत पश्चात मक्कःबासीहरुले आफ्नो यातना र अत्याचारलाई प्रगति दिए, र जब यो हेर्नथाले कि मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमको मान्नेवालाहरुको संख्या दिन प्रतिदिन निरंतरताले प्रगति गरिरहेछ , इस्लामको प्रकाशलाई र प्रचारलाई रोक्नुकोलागि हरेक प्रयत्नगरे, मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमलाई अनेक खालको लोभ लालच दिए तर उनीहरुको सबै प्रयास विफल भयो, त्यस पछि उनीहरुले मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमलाई मार्ने निर्णयगरे तर “ जाको राखे साइयाँ मार सके न कोइ ” अल्लाहले उहाँलाई र उहाँको साथीहरुलाई मक्कः छाडन आदेश दिए , उहाँको साथीहरु मदीनः तिर प्रस्थानगरे , एक रात्री काफिरहरुले उहाँको घरको घेराउगरे तर उहाँ

उनीहरुको टाउकोहरु माथि माटो फाल्दै मक्क:बाट मदीनः हिजरत (प्रवास) गर्नुभयो । मदीनः पुगेर सबै भित्र मेल मिलाप गराएर एउटा स्वछ वातावरणको स्थापनागरे । तर मक्क:बासीहरु चुपलागेर बसेनन् , मदीनः माथि आकर्मणगर्ने योजना बनाए, अनि इस्लाम र कुफ्रको पहिलो युद्ध बदरको स्थानमा भयो । जसमा मुस्लिमहरुको संख्या ३१३ र काफिरहरुको स्ंखया १००० को लगभगथियो, तर जीतले( विजय) ३१३ को चर्ण चुमयो र हजारको हार (प्राजय) भयो काफिर पराजित भएर मक्क: फर्के । इस्लामको मान्नेवालाहरुको संख्या बढदैगयो त्यसर्थ इस्लामको शक्ति पनि बढदैगयो र अल्लाहलाई मान्ने अथवा न मान्नेवालाहरु बीच युद्ध हुँदैरहेयो, यहाँ सम्म कि मक्क:लाई पनि विजय गरियो । फेरि सबैले इस्लाम कबूलगरे र मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमको निर्देशन अनुसार कर्मगर्न थाले मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमको प्रयासले एउटा यस्तो संस्कृतिको स्थापना भयो जसलाई हेरेर कैसर र किसरा पनि अचम्म भए ।

इस्लाम अब पूर्ण भईसकेको थियो, अन्याय, चोरी, छलकपट शत्रुता, अत्याचार, दुर्ब्यवहार, ...अर्थात सबै अमानवीय कार्यहरुको अन्त भइहाल्यो, र एउटा नयाँ संस्कृतिको

निर्माण भयो । जसको सफलता आउने समयमा देख्यो । मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमले जब हज्जतुल वदाअ्को समयमा भन्नु भयो कि इस्लाम पूर्ण भईसकेको छ , शायद म आउनेवाला हज्जगर्न सकदैन, यस कुराबाट यो प्रष्ट भयो कि अब धेरै दिन उहाँ जीवित रहनुहुन्न सबै ( सहाबः उहाँको साथीहरु) लाई थाहा भयो । फेरि मदीनः फर्केपछि उहाँको टाउकोमा पीडा उठ्यो अनि दर्द बढदैगयो , फेरि अन्तिम दिन उहाँले हजरत फातेमः (उहाँको छोरी) लाई स्वर्गमा सबै स्त्रीहरुको सरदार हुनुको बशारत (वरदान) दिनुभयो , अनि हजरत आयशःको गोदमा उहाँको टाउको रहेको बखत उहाँको प्राण अल्लाहको प्यारो भयो ( ईन्ना लिल्लाहे व ईन्ना एलैहे राजेऊन् ) । उहाँको उमेर त्यस बखत ६३ वर्ष थियो । १२ रबीउल अव्वल सन् ११ हिजरी दिन सोमवार । उहाँको ११ स्वास्नीहरु र ३ छोरा र ४ छोरीहरु थिए , यस्तै यस संसारको कल्याणकारीको स्वर्गबास भयो तर उहाँको निर्देशनहरु अद्‌भुतछन् ।

मोहम्मद सल्लल्लाहो अलैहेवसल्लमको बारेमा यो अति संक्षिप्त जान्कारी थियो । अब उहाँको बारेमा अन्य

धर्मावलम्बी र विद्वानहरुको उदगार प्रस्तुतगर्दछु ।

**जे एच डिनेसनः** पाँचौ र छठौ शताब्दीमा मानवताको सभ्यता तबाहीको नजीक पुगीसकेको थियो र पुरानो सभ्यता जसले सबैलाई सभ्य र एकमत गरेको थियो भाँचि सकेको थियो र यस्तो दरार भईगएको थियो जसको पूर्ती असम्भव भईहालेको थियो, यस्तो लाग्दथ्यो कि जुन सभ्यता पछाडीको चार हजार वर्षमा बनेको थियो फेरि टूटीरहेको देख्न थालेको थियो, र फेरि मनुष्यहरु जनावर बनीरहेका थिए ,र मानवताको एकमत टुक्रा टुक्रा हुनथालेको थियो, र दलहरु एक आर्कासँग लडीरहेका थिए, र कानूनको नाम पनि मेटी सकेको थियो, र ईसाईयतले यस अवस्थाको सूधारको लागि जुन नयाँ कार्य गरेको थियो त्यो पनि फाईदा न पुऱ्याई मनुष्यहरुको एकमतलाई हानि पुऱ्याईरहेको थियो, र मानवताको त्यो विशाल रुख जसले सारा संसारलाई छायाँ दिन्थ्यो अब मुर्झाएर मरी सकेको थियो, त्यसको जरो सुकी सकेको थियो । यस बखत अरबमा एउटा मानव जन्मयो जसले पूर्बी र उत्तरी

दुनियाँलाई एकमत गरिदियो , त्यो महान मानव मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम) हुन । (Emotion As The Bases of civilization)

**जे डियुनर्पोट:** यस्तो कुनै प्रमाण र गवाही (साक्ष्य) मिल्दैन जसलेगर्दा यो भन्न सकियोस् कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) ले आफ्नो दावीको प्रमाणकोलागि कुनै फरेब अथवा धोखामा निर्भर मोअजजह (चमत्कार) देखाउनु भएछ । र आफ्नो धर्मलाई लागूगर्नको लागि कुनै पनि गलत उपायगर्नु भएछ , यस विपरीत त्यस ज्ञान माथि निर्भर हुनु भयो जुन उहाँलाई अल्लाहले प्रदानगर्नु भएको थियो । र फेरि उहाँको निःस्वार्थता र सत्यता जुन अल्लाहको सत्यता माथि निर्भर थियो, र आफ्नो धर्मको सत्यता माथि उहाँको विश्वास नै उहाँको सबै भन्दा ठूलो हथियार थियो, र यस र्धामिक सत्यताको प्रकाश उहाँको हरेक कार्यबाट जाहेर हुन्थ्यो र सारा जीवन उसै र्धामिक सत्यताको प्रतीक थिए । फेरि यस्तै इस्लामले मूर्ति पूजनको परम्परालाई नष्ट गरिदियो, र मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को जीवनमा नै इस्लाम शक्तिशाली भईहाल्यो । इस्लामको संदेशलाई फैलाउन र उन्नति दिनमा जहाँ उहाँको युद्धगर्ने तरिकाको भूमिका थियो त्यहीं उहाँले एक राम्रो प्रशंसनीय शासक बनेर पनि इस्लामलाई उन्नति दिनुभयो, र एउटा यस्तो क्रान्ति आयो जसले प्राचीन

अरबहरुको हरेक परम्परालाई बदली हाल्यो, अन्यायको सट्टामा इन्साफ आयो, कसै दोषी पापीलाई बिना सफाई सजा (दंड) हुन सकदैन्थ्यो, अरब जस्तो महाद्वीपमा यस्तो इन्केलाब (क्रान्ति) वास्तवमा मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को चमत्कार थियो । (Appology for Mohammad And Islam)

**जार्ज बर्नार्ड शाः** माध्य शताब्दीहरुमा ईसाई (राहिब) गुरुहरुले अज्ञानता (जहालत) र भेदभाव (तअस्सुब)को कारण इस्लामलाई भयानक र आश्चर्यजनक बनाएर दर्शाए उनीहरुले इस्लाम विरुद्ध सुनयोजित ढंगले तहरीक (प्रतिकार) चलाए , यस कार्यमा लेखकहरु र राहिबहरु अगाडी थिए , तर उनीहरुको यो सोच र इस्लाम बिरुद्ध क्रियाकलाप गलत थियो किन कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) एउटा महान व्यक्ति हुनुहुन्थ्यो र वास्तवमा उहाँ मानवताको कल्याणकारी थिए ।

एउटा आर्को ठाउँमा जार्ज बर्नार्डशाको भनाई छ : मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को धर्मलाई मैले सधै त्यसको अचम्भित शक्ति र सत्यताको कारण उच्च श्रेणी दिएकोछुँ , मेरो दृष्टिले मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को धर्म विश्वको त्यो अनौठो धर्म हो जुन हर युगको समस्याको समाधान गर्छ , मैले महान व्यक्ति मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)लाई राम्री अध्यनगरेको छुँ , मोहम्मद (

सल्लल्लाहो अलैहेवसल्लम)लाई सबै मसीहको शत्रु भन्छन तर वास्तवमा मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) नै वास्तविक रूपमा मानवताको मुक्तिकर्ता थिए ।

मेरो यो आस्था छ कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) जस्तो कोही व्यक्ति यस विश्वको शासक हुन्थे भने यस संसारको सबै समस्याको समाधान भईहाल्थ्यो र यो संसार शान्ति र खुशीको संसार भईहाल्थ्यो । म मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम)को धर्मको बारेमा यो भविष्यवाणी गर्दछु कि यो भविष्यको यूरोपकोलागि त्यति नै स्वीकृत हून्छ जति कि आज छ ।(Islam our choice)

**नेपोलेन बुना पार्टः** मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले अरब बासीहरुलाई एकजुट हुनुको पाठ वढाउनु भयो, उनको आपसी झगडाहरुलाई अन्त पार्नु भयो, सानो अवधीमा उहाँको उम्मत (मान्नेवालाहरु)ले आधा दुनियाँलाई पराजितगरे । १५ वर्षको अवधी भित्र अरब बासीहरुले मूर्ति पूजा र झूठा देवताहरुको पूजाबाट तौबा गरिहाले माटोको बुत र देवीदेवताहरुलाई माटोमा मिसाई हाले, यस्तो अचम्म कृति मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशन र त्यस निर्देशन माथि कर्मगर्नुको कारण भयो ।(Napoleon And Islam)

**लियुटालसटाईः** मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को जीवनी मानवताको सभ्यताको अचम्मगर्ने कारनामा (कृति) थियो, र हामी यसमाथि विश्वास गर्नकोलागि विवश छौ कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनहरु असल सत्यतामा निर्भर थिए । Appology for Mohammad And Islam)

**ई डिरमँघम** : अरब बासीहरु वास्तवमा मतभेदलाई मनपराउँथे उनलाई एकजुटगरेर मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) ले चमत्कार गरीदिए, निःसंदेह मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम) जस्तो कुनै पनि महान निर्देशक आए छैन जसलाई मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) जस्तो सत्यवान र वफादार साथीहरु मिलेछन। यसबाट कुन इन्कारगर्नसकछ कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनले अरब बासीहरुको जीवन बदलीहाल्यो, यस भन्दा अघि स्त्रीहरुलाई कदापि त्यो मानमर्यादा मिलेको थिएन जुन मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशन पश्चात मिल्यो,वेश्यापना, समय सीमा राखेर बिहेगर्नु र यसजस्तो अरु सबै घृणित कार्यहरुलाई मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले वर्जित गरीदिए ती लौंडी र कनीज (दासी) जसलाई दिललगीको वस्तु बुझिन्थ्यो ती दासीहरुलाई हक अधिकार दिए , गूलाम (दास)लाई स्वतंत्रगर्नेवाला सबै भन्दा पुण्यवानको श्रेणीमा पुग्यो, र दासहरुको साथमा बराबरीको

व्यवहार हुन्थाल्यो र दासहरु इस्लामी निर्देशनको पालनागरि उच्च स्थानमा पुगे । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को फर्मान छ : “तिमीहरुको दास तिम्रो भाइहुन, जसले एउटा दास स्वतंत्रगऱ्यो त्यसमाथि नर्कको आगो हराम भयो, आफ्नो दासहरलाई त्यही खुवाऊ जुन तिमी खान्छौ, र उनीलाई त्यस्तै लुगा लगाउनको लागि देऊ जस्तो तिमी लगाउछौ, र उनको शक्ति भन्दा अधिक काम न लेऊ” । कसैले एक दिन हजरत बिलाल (उहाँसित अल्लाह प्रसन्न हुन) लाई हब्शीको बच्चा भनेर बोलाए त्यस बखत हजूर (सल्लल्लाहो अलैहेवसल्लम)ले भन्नु भयो “तिमी भित्र अहिले सम्म इस्लाम भन्दा पहिलाका कुरा बाँकीछन्”। जुन सबै मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले गरेर देखाए त्यसलाई अगाडी राखेर हामी उहाँ जस्तो महान पुरुष प्रति हार्दिक आभार प्रकट गर्न मजबूर (विवश) भईहाल्छौ, कुर्आनलाई अगाडी राख्नुस् र त्यो सबै गुण र खूबीहरुलाई जुन सारा संसारमा मान्यता प्राप्त छन्, फेरि हेर्नुस् मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को जीवन कुर्आनको निर्देशनहरु र मान्यता प्राप्त सत्यता र गुणहरुको अनमोल आदर्श थियो। उहाँ आफ्नो कुराकानीमा रहनसहनमा यस सीमा अगाडी जानु भएन, मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम) यस्तो महान चरित्रवान हुनु हुन्थ्यो ।

आर्को ठाउँमा <u>डिरमँघमको</u> कथन छ : ईसा मसीह सित जब एउटा मान्छेले सोध्यो कि सम्राटको मान्छेहरु आफ्नो कर माँगछ्न र तपाई आफ्नो अज्ञाकारिताको अंश माँग्नुहुन्छ हामी के गरौ? अहदनामा जदीदमा (new testament) हजरत मसीहको जवाफ यसो वर्णन गरिएको छ ! “ मेरो अंश मलाई र सम्राटको अंश सम्राटलाई देऊ ”। मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) जुन धर्म ल्याए र जुन निर्देशन विश्वलाई प्रदानगरे त्यसमा यस्तो दुईतर्फी कुरो छैन, मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को फर्मानछ : “ तिमीहरुको जे पनि छ सप्पै अल्लाहको हो र अल्लाहको सम्राटत्वमा कोही पनि साझीदार छैन ”।

आर्को ठाउँमा <u>डिरमँघमको</u> भनाई छ : ईश्वर माथि जस्तो आस्था र विश्वास मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को थियो त्यस्तो आर्को उदाहरण इतिहासले दर्शाउन सकेन । एक दिन मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) मदीनः तर्फ जाँदै थिए, र थकेर एउटा रुख मुनि सुते र आफ्नो तरवार एउटा हाँगामा झुन्डयाईदिए, एकाएक उहाँको निद्रा खुल्यो र उहाँले एउटा अपरिचित व्यक्तिलाई हेर्नु भयो जसको हातमा तरवार थियो । फेरि त्यस अपरिचित व्यक्तिले उहाँसित सोध्यो भन्नुस् ! म बाट तफाईलाई को बचाउँछ ? उहाँले कोमल स्वरमा भन्नु भयो “ मेरो अल्लाह ” त्यो

मान्छे यो सुनेर यति भयभित भयो कि उसको हातबाट तरवार छुटेर भूईँमा खस्यो, फेरि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले उसको तरवारलाई समातेर भने : अब तिमीलाई को बचाउँछ ? त्यस अपरिचितले लाचारी र व्याकुल्ताले भन्यो मलाई बचाउनेवाला कोई पनि छैन, त्यस पछि उहाँले तरवारलाई परफाले अनि भने " अल्लाह माथि ईमान ल्याऊ उही तिम्रो रक्षागर्छ "।

डिरमँघम ज्यू आर्को ठाउँमा भन्नुहुन्छ : के इस्लामको कुनै बिरोधी मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को जीवनको एउटा पनि घटना बताउन सक्छ जस्मा मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम)ले आफ्नो मुखबाट नराम्रो कुरोगर्नु भएको छ, अथवा कसैलाई कष्ट दिनुभएछ, यो कुनै पनि व्यक्ति प्रमाणितगर्न न सकेछ न त गर्न सक्छ । (The Life of Mohamet-pub.1930)

**जि एम डरीकाट** : मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले आफ्नो निर्देशन,बुद्धिमानी र निःस्वार्थताले कानून नभएको ठाउँमा कानून स्थापितगर्नु भयो, समाजिक र धार्मिक एजंडा स्थापितगर्नु भयो, उनीहरुलाई एउटा यस्तो उपासनामा लगाउनु भयो जसले रंग नसल जात पात अमीर गरीब जस्तो भेद भावलाई अन्त गर्‍यो, संसारको कुनै पनि सन्देष्टा एवं दूत अथवा ब्यक्तिले यस्तो समाजको स्थापनागर्न सकेन जुन आउनेवाला युगको लागि पथ

प्रदशक र उदाहरण होस् जस्तो कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)लेगर्नु भयो ।

(Mohamet-pub.1916)

**<u>ए गेलीयुम :</u>** मानवताको इतिहासमा मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को स्थान उच्चतम र भिन्न छ, उहाँको सबै भन्दा ठूलो विजय यो हो कि उहाँले मानवहरुलाई यस आस्थामा राजीगरे कि अल्लाह एक छ र सबै मुस्लिमहरु एक उम्मत (समूह)हुन । उहाँको महान्ता व भब्यता अथवा राजनैतिकता कठिन भन्दा कठिन (जटिल) अवस्था एवं समस्यालाई सुल्झाउनुमा देखिन्छ। अरबीहरुलाई एकजुटगर्न सम्भव थिएन तर उहाँले आफ्नो निर्देशनको माध्यमले उनीहरुलाई एकजुट पारे । (Islam-pub.1963)

**<u>जी हेगंज :</u>** जुन सुकै व्यक्ति पनि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को शुरूवातको (प्रारम्भिक) अवधीलाई हेर्छ त्यसलाई इस्लामको उन्नति माथि अचम्म लाग्छ , जस जटिल अवस्थासित उहाँको पाला परेको थियो कुनै आर्को नबीलाई परेको थिएन, उहाँले आफूलाई एउटा यस्तो महान धार्मिक निर्देशकको रूपमा पेशगरे जसको उदाहरण (मिसाल) कतै पनि मिल्दैन, र उहाँलाई आफ्नो निर्देशनको सत्यता र अल्लाह माथि जुन विश्वास थियो त्यसको मिसाल पनि कुनै महापुरुषले पेशगर्न सकेन । मोहम्मद (

सल्लल्लाहो अलैहेवसल्लम)ले यो प्रमाणित गरिबक्सिनु भयो कि उहाँ अल्लाह द्वारा पठाईएका दूतहुन, उहाँ जस्तो महान व्यक्ति इतिहासमा न मिले छ न मिल्न सक्छ ।

आर्कोठाउँमा हेगंज भन्नुहुन्छ : कहाँ छन ति पोप, आर्च, स्कफ, र पादरीहरु जसले ईसाईयतको कानून बनाए,र जसले अफ्रिकामा दासत्वको आज्ञा दिए, र हब्शीहरुलाई गुलाम बनाउन धर्म अनुसार भने, आज उनीहरुलाई कोही पनि जान्दैन र जसलाई जान्कारी पनि छ त्यो उनीहरुलाई पापी र दोषीको रूपमा जान्दछ । तर एउटा नाम मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को पनि छ जसले मानवतालाई जातपातको भेदभावबाट मुक्तगर्‍यो, यस नामको प्रकाश सारा संसारमा फैलियो र फैलिरहन्छ । (Appology for Mohammet-pub.1929)

**आर लेनडाव :** मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को सामुन्ने सबै भन्दा जटिल अवस्था र समस्या यो थियो कि उहाँ त्यो शक्तिशाली कबीला (कुल)को सिस्टम प्रणालीलाई नष्ट गरिदेउन् जुन न केवल उनीहरुको लडाईको कारण थियो बरु अल्लाहको साथ साझेदारीगर्नको पनि कारण थियो, यस अवस्थामा उहाँले उनीहरुलाई अल्लाहद्वारा प्रदान गरिएको अनुशासनको परिचय गराउनु थियो र उनीहरुलाई एकमतगर्नु थियो । जुन कबीलाहरुमा विभाजित भई एकआर्काको रगत बगाउँथे, मोहम्मद (सल्लल्लाहो

अलैहेवसल्लम)लाई अत्याचारको सट्टा मानवताको झन्डा फहराउनु थियो, र फूट,विभाजन र शत्रुताको सट्टा अनुशासन र प्रेम ल्याउनु थियो, शक्तिय घमंडको ठाउँ इन्साफलाई लागूगर्नु थियो । र जब मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को स्वर्गबास भयो त्यस बख्त सम्म इस्लाम पूर्ण भईसकेको थियो जसको उदाहरण दिन इतिहास असमर्थछ ।

आर्को ठाउँमा लेनडावको भनाई छ : ईसाईयतको समस्या यो छ कि त्यो मात्र इस्लामलाई आफ्नो शत्रु मान्छ, यहूदियतलाई सानो जनसख्या हुनको कारण त्यसलाई आफ्नो शत्रु ठान्दैन, र जहाँ सम्म बौद्धमत र हिन्दुइज्मको कुरो छ यी दुबै धर्मको प्रभाव यूरोप माथि कहिले पनि थिएन, यसै कारण यी धर्महरुसित ईसाईयतलाई केही सरोकार छैन । उत्तरी अफ्रिका र स्पेन मुसलमान भयो, र केही समयकोलागि सिस्ली पनि मुस्लिमहरुको कब्जामा आयो र यस बाहेक त्यो ठाउँहरु पनि मुसलमानहरुको कब्जामा आए जुन ठाउँमा यहूदियत र ईसाईयतको जन्म भएकोथियो, यस्तै कस्तुन्तुनिया जुन ईसाईहरुको पूर्वि सेन्टर थियो त्यो पनि मुसलमानहरुको कब्जामा गयो । ईसाईहरुले लामो अवधी सम्म जुन कइयौ शताब्दीमा फैलिएकोछ कुर्आन,इस्लाम र मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को विरुद्ध हरेक खालको अमान्य र अबैध प्रयत्नगरे, नि:संदेह

यसमा ईसाईहरुलाई सफल्ता पनि मिल्यो र केही मुस्लिम राज्यहरु मथि ईसाईहरुको कब्जा पनि भयो, तर मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम) को निर्देशनलाई दबाउन सकेनन् । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को व्यक्तित्व र उहाँको निर्देशन यति मनमोहक र सत्य छन् कि ईसाईहरुको अनथक प्रयासले पनि त्यसको प्रभावलाई विफल पार्न सकेन, र बिसौ शताब्दीको जागरुक्ताले फेरि ईसाईहरुलाई अचम्भित पार्यो । विगतका कइयौ शताब्दीमा यो सिद्ध भईसककोछ कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनहरु सत्यतामा आधारित छन् , यदि विश्वलाई शान्त वातावरण दिन चाहनुहुन्छ भने मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशन अनुसार जीवन ब्यतितगर्नु पर्छ । र लेनडावको भनाईछ : मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम)ले (ईश्वर) अल्लाहको पहचान मुसलमान र हरेक प्राणीलाई दिए , त्यो को हो? उहाँले बताउनु भयो कि दैनिक र सामाजिक जीवनको प्रत्येक कार्य माथि अल्लाहको राज्य छ , समाजी मेल जोल, परिवारिक मेल मिलाप, दैनिक कार्य नैतिक समस्याहरु अथवा स्वास्थय समस्याहरु सबै अल्लाहको आज्ञा अधीन छन, मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले भन्नु भयो कि इस्लाम एउटा यस्तो धर्म हो जुन मानवताको पूर्ण सफल्तालाई श्रेष्ठता दिन्छ ।

(Islam And The Arabs-pub.1958)

**ए जी लियुनार्ड :** मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) एउटा यस्तो महान व्यक्ति थिए जसको अगाडी एउटा उच्च मकसद (लक्ष्य) थियो, र उहाँ आफ्नो लक्ष्यको बीच आउने सबै जटिल भन्दा जटिल समस्याको समाधानगर्न क्षमता एवं शक्ति राख्थे, त्यो शक्ति अल्लाहको सत्य धर्म थियो । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को कारनामा ( कृति) द्वारा मात्र एक अल्लाह हुनुको प्रमाण मिल्छ , अल्लाहले उहाँको हातलाई त्यो शक्ति प्रदानगर्नु भएको थियो जस्को माध्यमले उहाँ सारा संसारलाई हिलाउन सकनुहुन्थ्यो । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को सफल्ता असलमा अल्लाहको योगदान थियो । मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम)ले यस संसारलाई एउटा अनोठो फल्सफा दिए , यस्तो फल्सफा र जीवन ब्यतितगर्ने तरीका जुन यस अघि सारा संसारमा थिएन, मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले मृत्युको भयलाई सबैको मुटुबाट निकाली हाले, र एउटा यस्तो जीवन ब्यतितगर्ने तरीका ल्याए जसको सीमा भित्र मानव मात्र अल्लाहको भयमा डुबीरहन्छ ।

(Islam-pub.1909)

**डी एस मारगोलियुथ** : जब मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को स्वर्गबास भयो त्यस बखत उहाँको मिशन अधूरा थिएन , आफ्नो महान मिशनलाई आफ्नो

दिब्यशक्तिद्वारा आफ्नो जीवनमा नै पूर्ण गरिबक्सिनु भयो, उहाँ एउटा यस्तो राजनीतिक र रुहानी (आत्मिक) शासन छोडेर गए जस्को मात्र एउटै राजधानी थियो । कबीला र ग्रूपमा विभाजित भएका मान्छेहरुलाई एउटा अटूट उम्मत( समूह) बनाए, र आफ्नो अदभुत निर्देशनको पालनागर्नुको आदेश दिएर मुस्लिम उम्मतको भविष्य सुरक्षित गरीदिनु भयो ।

## (Mohamet And The Rise of Islam)

**एस पी स्काट :** यस स्वार्थी संसारमा एखलाक (नैतिक्ता) लाई कसले सुधारे, र फेरि त्यसलाई उँचाईमा पुगाए ? निःसंदेह त्यो मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) र उनको धर्म इस्लाम हो । मानवताको इतिहास र मानवको बुद्धि अचम्भित छ कि यति सानो अवधीमा विभाजित भएका आपसमा लडने मान्छेहरुलाई एउटा दूत र त्यसको निर्देशनले एकजुट उम्मतमा सारी हाल्यो । मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम) एउटा यस्तो विवेकको मालिक थिए जुन जटिल भन्दा जटिल समयमा कठिन भन्दा कठिन समस्याको समाधानगर्न सकथ्यो । र सबै भन्दा अचम्मको कुरो यो छ कि यस्तो उदाहरणमय विवेक राख्नेवाला महान ब्यक्ति घमंडी थिएन बरु उहाँ विनम्रताको प्रतीक थिए, आफ्नो सफल्तालाई आफ्नो अल्लाहको महान्तासित जोडन्थे । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को महान

व्यक्तित्वको रहस्य यो हो कि उहाँ सबै मानवको अवश्यक्ताको ज्ञान राख्दथे, र जुन ज्ञान उहाँलाई थियो अरु कुनै नबी एवं दूतमा देखिदैन । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले अरबीहरुलाई यस्तो रंगमा रंगनु भयो कि उनीहरुले अधिकतम संसारलाई आफ्नो रंगमा रंगीहाले, यो मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को सबै भन्दा ठूलो विजय हो, मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को आगमन र प्रस्थान भन्दा पहिलो र पश्चातको संसार एउटा बदलिएको संसार हो, सारा संसारले मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)लाई मानेन तर उहाँको महान परोपकार सबै माथि छायाँगरेको छ , यस संसारबाट कति लज्जितगर्ने चरित्रहीन रीति रिवाजलाई उहाँले नष्टगरे । मानवतालाई जुन उच्चय पद मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) र उनका निर्देशनले प्रदानगऱ्यो त्यो श्रेणी मानवलाई कहिले पनि मिलेको थिएन । सत्य यो हो कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनको प्रकाशले सबै अन्धकारलाई नष्टगरिदियो र मानवहरु अन्धकारबाट निस्केर शिक्षा र प्रकाशको सीमामा आईपुगे । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनहरु मान्छेलाई केवल राम्रो कर्मगराउँछ, र कुकर्म, झूठ, धोखा…आदिबाट बचाउँछ । मनुष्यको त्यो जिब्रो जुन एक अवधी सम्म मृत्यु पश्चात हिल्दैन प्रल्यको दिन त्यही जिब्रो हिल्छ र आफूले गरेको सुकर्मको उपहार लिन्छ यो मोहम्मद (सल्लल्लाहो

अलैहेवसल्लम)को भनाईछ । यदि कसैलाई आफ्नो जीवन र संसारलाई खुशीको फूलले गमकाउन चाहन्छ भने त्यस माथि यो अनिवार्य भईहाल्छ कि अल्लाहद्वारा पठाईएको त्यस दूतको निर्देशन अनुसार आफ्नो जीवन व्यतित गरोस् जसको नाम मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) हो ।

## (Hstory of Moorish Empire in Europe)

**लामारतीन :** मानवको पूर्ण इतिहासमा यो उदाहरण मिल्दैन कि कसैले जाने अन्जानेमा आफूलाई एक मिशनलाई पूर्णगर्नुको लागि त्यागि दिएको हो , यस्तो व्यक्ति केवल मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) थिए । त्यो मिशन के थियो ? त्यो मिशन थियो ! ति सबै षडयन्त्रको अन्तगर्नु जुन मानव र उसको पालनहारको बीच रुकावट छन्, र त्यो मिशन थियो ! अल्लाह र उसको भक्तहरु बीचको रिश्ता र दूरीलाई फेरि स्थापितगर्नु , ती मानवहरुलाई अल्लाह तिर ल्याउनु जुन कुरूप मूर्तिहरु अगाडी आफ्नो टाउको ढोग्दथे आफ्नो पालनहारलाई छाडेर , त्यो मिशन थियो ! अन्धकारको अन्तगर्नु र विद्याको प्रकाशलाई फैलाउनु । मानवहरुलाई जुन माध्यम र बस्तुहरु प्रदान गरिएकोछ त्यो अति कमजोर र अपूर्ण छन् , यसैलेगर्दा मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) भन्दा अघि कसैले पनि यो कार्यगर्नुको बेडा उठाएका थिएनन् , तर मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम)ले त्यस कार्यलाईगर्ने सहास पनि

गरे र त्यसलाई सफल्तापूर्वक पूर्ण पनि गरे, आफ्नो यस प्रयासमा जुन शक्ति एवं भक्ति प्रयोग गर्नु भयो त्यो कुनै आर्काको एवं आकास्मिक शक्ति थिएन बरु आफ्नो अस्तित्वलाई त्यसमा लगाई हाले, उहाँ अल्लाहको प्रकाशबाट प्रकाशित थिए , मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) फल्सफी, बक्ता, प्रचारक, शासक, योद्धा, वीर......पनि थिए , र उहाँले अल्लाहको अनुशासनलाई लागू पनि गर्नुभयो, र उहाँले एउटा यस्तो शासनको स्थापनागर्नु भयो जुन अदभुत छ। त्यो सबै नियम र कानून जसको माध्यमबाट हामी कसैको महान्तालाई जाँचन्सकछौ ती सबैबाट पर्खेर भन के मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) भन्दा कोही महान छ ? । (Lamartin,s Views on Prophet Muhammad(p.b.u.h.))

**<u>लेन पोल :</u>** मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनहरुको बारेमा कतिपय जनालाई संदेह छ र त्यो संदेह बाँकी नै रहन्छ , यस्तो मान्छेहरुको सामुन्ने यो समस्या छ कि यो निरन्त्रतासित बदलीरहेको युगमा मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनहरुलाई कसरी अन्तिम र अदभुत भन्न सक्छौ । यो इस्लामको सत्यता र अदभुतता माथि एउटा महत्वपुर्ण प्रश्न हो, एउटा सामान्य दृष्टि यो पनि छ कि इस्लामको निर्देशनहरु अति कठिन र जटिल छन्, यसोगरि यी टिप्पणीगर्नेवालाहरु र

संदेहगर्नेवालाहरु इस्लामलाई एउटा निर्दयी धर्म प्रमाणितगर्न प्रयास गर्छन् र यो भन्छन् कि इस्लामको निर्देशनहरु सदैवकोलागि हुन्सक्दैन, के वास्तवमा यस्तो छ ? सारा संसारमा मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) जस्तो कोही दोस्रो छैन, मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) अत्याचार, कुकर्म, ..आदिको बिरोधी थिए , उहाँ मनुष्यको सीमा र उनीहरुको कमीकमजोरीको ज्ञान राख्दथे, यसै कारण मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) आफ्नो साथीहरुलाई यो सिकाउदै रहन्थे कि तिमीहरु यति पूजागर जतिगर्न सकछौ र यस्तै आउनेवाला युगको बारेमा आफ्नो साथीहरुलाई बताउनु भयो कि सुन ! तिमीहरु एउटा यस्तो युगमा छौ जसमा तिमीहरुलाई जुन निर्देशन दिईएको छ त्यसको दसौ हिस्सा (अंश) लाई पनि छाड्यो भने तिमीहरु बर्बाद भईहाल्छौ, र भविष्यको युगमा जसले यी दसौ मध्ये एक माथि कर्मगर्छ भने त्यो सफल भईहाल्छ ।

आर्को ठाउँमा लेन पोलको भनाई छ : वास्तवमा मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम) जुन दिन आफ्नो शत्रुहरु माथि विजय प्राप्तगरे त्यो उनकोलागि एउटा महान दिन थियो, र त्यही दिन उनकोलागि मानवताको महान जीत थियो, उहाँले ती मक्क: बासीहरुलाई माफ्गरे जसले उहाँ र उहाँको साथीहरु मथि वर्षौ यातना दिएर अत्याचार गरेका थिए । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) विश्वको एकलो

व्यक्ति हुनुहुन्छ जसले जन्म देखी मृत्यु सम्म पवित्र र साधारण जीवन ब्यतितगर्नु भयो, जुन निर्देशनहरु लिएर उहाँ आउनु भएकोथियो त्यसको प्रचारको लागि आफ्नो धन जीवन सबै लगाईहाल्नु भयो, उहाँ शासक भए पनि साधारण व्यक्ति जस्तो रहन सहन अपनाउनु भयो, यसै कारण कारलायलले उहाँलाई **पैगम्बर हीरो** भनेका छन् ।

(Studies In Mosque)

**जी डब्लु लाइटज** : यस संसारमा कतिपैय धर्महरु आए जसले आफूलाई गुमाई सके, उनको निर्देशनहरु लुप्त भईसके, तर प्रश्न यो उठछ कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) जुन धर्म ल्याए त्यसको निर्देशनहरु कहाँ सम्म बाँकी छन ? यस प्रश्नको उत्तरको लागि हामीलाई केवल मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) जस्तो महान व्यक्तिलाई आफ्नो अगाडी राख्नुपर्छ , यदि यस व्यक्तिद्वारा ल्याएको निर्देशनहरु हरेक युगमा स्वीकारिएको छ भने उहाँले ल्याएको निर्देशनहरु प्रचलित नै रहनेछन, यदि उहाँको निर्देशनहरु कुनै युगमा अस्वीकार गरिएको छ भने उहाँको निर्देशनहरुको अंजाम (परिणम) अन्त नै हो । र वास्तवमा यो मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को व्यक्तित्वको चमत्कार नै हो जुन कुनै युगमा पनि कम भएन बरु उनको सहज र सरल निर्देशनहरुको प्रकाश बढदै गयो र बढदै रहन्छ । (Mohammadanism

Religious Systems of The World- pub.1908)

**ई बलाईडेन :** मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) संग नै ती मसावात (समान्ता) र गणतन्त्रले जन्म लियो जुन उहाँ भन्दा पहिला यस संसारमा थिएन, अब धन, जात पात, भेदभावको केही अर्थ बाँकी रहेन, गुलाम इस्लाममा प्रवेशगरेर स्वतंत्र भयो, शत्रु इस्लाममा प्रवेशगरेर नातेदार भन्दा प्रिय भयो, र काफिर इस्लाममा प्रवेशगरे पश्चात इस्लामको प्रचारक भयो । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले एउटा हब्शी दासलाई मोवज्जिन बनाइबक्सनु भयो, र फेरि त्यस हब्शी दासको मिठो स्वरले सबैको मुटुलाई मोहित पाऱ्यो, अनि भन्यो " नमाज निद्रा भन्दा राम्रो छ " यस स्वरले सबै निदाएको मान्छेहरुलाई जगायो । र यस्तै मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले धिक्कारिएका गुलामहरुलाई मालिक बनाए । र बलाईडेन आर्को ठाउँमा भन्छन : वेलमदेन पादरी, जार्ज वाइट फिल्ड, सदर एडवर्डज, यी सबैजना महत्वपूर्ण पुस्तकहरुको लेखक थिए, र यीनीहरु पूरा विश्वमा प्रख्यात छन्, तर यिनीहरु कस्तो मनुष्य थिए यिनीहरु गुलामीको हकमा थिए र सैयौं गुलाम राख्थे, हब्शीहरु उनीहरुको नजीक मनुष्य थिएन बरु हब्शीहरुलाई दानवपुत्र भन्थे र उनीहरुसित घृणागर्थे, र उनीहरु माथि अत्याचार गर्थे । कैयौं शताब्दी सम्म यस

अत्याचारको बजार चलीरहयो, मात्र यस कारण कि सेतो चर्म राख्नेवालाहरुको यो सिद्धान्त थियो कि ईश्वरले उनीहरुलाई यो अधिकार दिएको छ कि अफ्रिकाको हब्शीहरुलाई आफ्नो दास बनाएर राखुन् । यी ईसाई धर्मात्माहरुको ईश्वर मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) को अल्लाहबाट कति भिन्न छ, मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले मानवहरुलाई बताए कि कालो रंगको हब्शी पनि मनुष्य नै हुन, उनीहरु भित्र पनि प्राण नै हुन्छ । यस विपरीत ईसाई धर्मात्माहरुले र कलीसा ( ईसाई धर्मको पूजा स्थल ) को पूजारीहरुले हब्शी गुलामहरुलाई भने " तिमीहरु बुझीहाल ! कि तिमीहरुको शरीर तिमीहरुको होइन बरु तिमीहरुको ज्यान र शरीरको मालिक उहीहुन जसलाई ईश्वरले तिमीहरुको मालिक बनाए छ " । तर यो सबै जानेर पनि कति जना मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) माथि आशंका जनाउँछन । डा० मेकेलियर भन्छन : परोशियामा अन्धकार पाखन्डता क्षल यति अधिक भईसकेको थियो कि हरेक व्यक्तिलाई तीन बिहेगर्ने अधिकार थियो, तर स्वास्नीहरुको हैसियत र महत्व दासी भन्दा बढी थिएन र लोग्नेको मृत्यु उप्रान्त त्यसलाई पनि सतीहुनु पर्थ्यो, त्यस युवतीले विरोधगर्‍यो भने मृतकको परिवारहरु त्यसको हत्यागरिहाल्थे । तर मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले यो आदेश दिनु भयो कि जब सम्म तिम्रो स्वास्नी तिमीलाई आज्ञा न देओस् र जब सम्म त्यसमा केही कमीकम्जोरी न

होस् , र जब सम्म तिमी दुवै स्वास्नीहरुलाई पाल्न र तीनीहरुको जायज अवश्यक्ता र चाहनाहरुलाई पूर्णगर्ने शक्ति न होस् तब सम्म दोस्रो विहेगर्ने आज्ञा छैन । साँचो र वास्तविक शान्तिको धर्म मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) नै ल्याउनु भयो जसले महिलाहरुलाई त्यो महान श्रेणी प्रदानगऱ्यो जुन कुनै युगमा पनि महिलाहरुलाई मिलेको थिएन । मसीहको नाउँ जप्नेवालाहरुले मानवतालाई जति अन्धकारमा पुऱ्याईहालेका थिए मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले त्यति नै त्यस मानवतालाई प्रकाश दिनु भयो र मानवतालाई समान्ताको अधिकार दिएर एउटा शान्त समाजको स्थापनागर्नु भयो । अफ्रिकामा इस्लाम र मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) को मान्नेवालाहरुले गणतन्त्र राज्य बनाए , मुस्लिमहरुको विजय पश्चात अन्धयारो ठाउँमा पनि इस्लामको प्रकाश पुग्यो र मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनले मानवतालाई टाउको उठाएर जीवन ब्यतितगर्न अधिकार दियो । ईसाईयत जता पनि गयो मानवलाई आफ्नो गुलाम बनायो र आफ्नो शक्ति र अत्याचारद्वारा शासनगऱ्यो , तर मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को धर्म जहाँ पनि गयो त्यहाँ गणतन्त्र ल्यायो । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को धर्मलाई कुन शब्दसित प्रशंसागरौं, वास्तवमा त्यो इन्कलाब (क्रान्ति) जसले हृदय र दिमागी संतुलनलाई बदलेर ईश्वरीय प्रकाश प्रदानगऱ्यो त्यो इस्लाम

नै हो, निःसंदेह उहाँको धर्मको प्रशंसागर्न असम्भव छ । दक्षिणी अफ्रिकामा मुस्लिमहरुको सेनाको विजय पछि उत्तरी अफ्रिकामा बिना आक्रमण विवाह, पुस्तक, र मस्जिद मदर्साद्वारा इस्लामको प्रकाश पुऱ्याए र उनीहरुको हृदय माथि राज्य गरे । निःसंदेह मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को रुहानी विजयलाई हामी शब्दमा वर्णनगर्न सकदैनौ । (Christianity, Islam And The Negro Race-pub.1969)

**डब्लु डब्लु केश** : यो मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को धर्म हो जसको मार्गमा जातपातको भेद भाव रोक बन्दैन, बरु इस्लामले हरेक जातलाई यो अवसर प्रदानगर्छ कि त्यो ईमान ल्याउन् र यस्तो लोकतन्त्रको अंश बनुन् जस्को आधार बराबरी माथि निर्भर छ, र जसमा भेद भावको कुनै ठाँउ छैन । आजको युगमा मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनको प्रभाव नै हो जसले अफ्रिका र एशियामा एउटा यस्तो जाग्रुक्तालाई जन्मायो जसबाट पश्चिमी ईश्वरलाई न मान्नेवालाहरुको समाज भयभित छ ।

आर्को ठाउँमा डब्लु डबलु केशको भनाई छ : मसीही विद्वानहरुले मसीहलाई मान्नेवालाहरुलाई यो सिकाए कि उनीसित केही पाप भयो भने विद्वान अथवा धर्मगुरुहरुको समक्ष गएर केही सम्पत्ती दिएर मुक्ति प्राप्त गरुन ।

वास्तवमा यस्तो गरेर मानवलाई यो निर्देशन दिन खोजेको कि मानव ईश्वरसित डाइरेक्ट माँग्न सकदैनन् बरु गुरु र विद्वानको अधीन छन् उनीहरु नै केहीगर्न सकछन् । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले भन्नु भयो कि मान्छे आफ्नो अल्लाहसित डाइरेक्ट आफ्नो इच्छा बमोजिम जे चाहे सप्पै माँग्न सकछ , अल्लाह र अल्लाहको भक्तहरु बीच कुनै पनि रुकावट छैन यस्को लागि कसैलाई सम्पत्ती उपहारगर्न अवश्यक्ता छैन ।(The Expansion of Islam-pub.1928)

**फिलीप के हत्ती** : मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले मानवहरुलाई बताउनु भयो कि कुनै पनि शासक अल्लाह बाहेक छैन र मानव यस संसारमा ईश्वरको उत्तराधिकारी हो, मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को शासनकालमा कुर्आन र धर्मको निर्देशन माथि कर्मगर्न उदाहरण मिल्छ त्यसको अपेक्षा हरेक शासकसित गरिन्छ , र मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनको यही महान्ता हो ।

(History of The Arabs)

**आर नल्ड टवाइन बी** : मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले इस्लामको माध्यमबाट मानवलाई रंग र जातिको भेदभावसित मुक्तगरि भेदभावको अन्त गरिदिनु भयो, कुनै धर्मलाई यस्तो प्रगति र सफल्ता मिलेन जस्तो

कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को धर्मलाई मिल्यो , आजको संसार जुन शान्तिलाई खोजीरहेछ त्यो मात्र मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनद्वारा नै पूर्णहुन् सक्छ । (Civilization on Trial-pub.1948)

**<u>आर वी सी बोडले</u>** : बेकनले आफ्नो एउटा **<u>वीरत</u>**ा नामक लेखमा जुन सन् १५९७ ई. मा प्रकाशित भएको थियो मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) माथि यो आरोप लगाएका थिए कि " मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले अहदनामा कदीम र अहदनामा जदीद ( यहूदी र ईसाईको ग्रन्थको असल नाम ) बाट निर्देशनहरु चोरेर वर्णन गरे" । बेकलले मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) जस्तो महान व्यक्ति माथि आरोप लगाउन भन्दा पहिला यति पनि सोचेनन् कि अहदनामा कदीम र अहदनामा जदीदको अनुवाद अरबी भाषामा मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम )को निधनको दुई शताब्दीको अन्तराल पछि गरियो । (The Messanger-pub.1954)

**<u>जे डैनी सपलोर्ट</u>** : धर्महरुमा जुन घटनाहरु घटछन त्यसको सत्य असत्यहुनु माथि कुरागर्न अनिवार्य छैन , ती घटनाहरुमा हेर्ने योग्य त्यस धर्मको प्रचालकको घटनाहरु हुन जसबाट त्यस व्यक्तिको आचरणको महान्ता जाहेर हुन्छ , यस कुरालाई ध्यानमा राखी ईसामसीह र मोहम्मद (

सल्लल्लाहो अलैहेवसल्लम)को बीचको अन्तर सजिलोसित बुझ्न सकिन्छ। मसीहको बारेमा यो कथन प्रख्यात छ कि शैतान उनलाई एउटा पहाड माथि ल्यायो र त्यहाँबाट उनलाई विश्वको विशाल राज्य र भाँति भाँतिको अमूल्य खजाना अथवा सम्पत्ती देखाएर यो प्रस्ताव राख्यो कि यदि तपाई आफ्नो धर्मप्रचारलाई स्थगित गरिदिनुस् भने यो सप्पै खजाना र राज्य तपाईको हुन्सक्छ। र मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) लाई उहाँको अल्लाहले उहाँलाई उनको जीवनमा एक रात्री धर्तीबाट यात्रा गराएर आकाशमा आफ्नो अर्श नजिक बोलाए , यस घटनालाई इस्लाममा **मेअ्राज**को नामबाट जानिन्छ , यी दुबै व्यक्तिहरुको घटनाहरु बीच त्यही अन्तर छ जुन यीनीहरुको ब्यक्तित्वमा छ। (Appology for Mohammad And The Quran-pub.1882)

**<u>बरट्रेन्डरसल :</u>** विश्वको सबै धर्म मध्ये ईसाईयतलाई सजाय दिनुमा उत्कृष्टता प्राप्त छ , र बौद्ध धर्ममा सजायको कल्पना पनि छैन , तर मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को धर्म दुवै धर्मको बीचमा छ , मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को कार्यकालमा यहूदी व ईसाईहरुको साथ न्यायिक ब्यवहार गरियो , र उहाँको खलीफाहरुको (उत्तराधिकारी) शासनकालमा पनि त्यस्तै ब्यवहार गरियो, तर ईसाईहरुले सदैव यहूदी र मुस्लिमहरु

माथि अत्याचार गरे । रूसी साम्राज्यले ईसाई धर्म कबूलगर्नुको साथ नै यहूदी विरुद्ध धार्मिक अन्दोलन प्रारम्भगरे, मुस्लिमहरु विरुद्ध युद्ध उनीहरुको इस्लाम बिरोधी घृणाको प्रदर्शन थियो, ईसाईधर्म र त्यसका अनुयायीहरुले सधै इस्लाम र मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को विरुद्ध अवैध क्रियाकलापलाई निरन्त्रता प्रदान गरे, जब कि इतिहास हामीलाई बताउँछ कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) एउटा महान शान्ति रक्षक एवं आदर्श धर्मात्मा थिए , उहाँ एउटा यस्तो धर्मको प्रचालक थिए जसको जग न्याय र निश्क्षलता एवं शान्ति र समान्ता माथि थियो । (Why I am Not a Christian-pub.1961)

**बी स्मीथ :** कुनै धार्मिक गुरु र कुनै धर्मको वास्तविक्ताको अनुमान उसको मान्नेवालाहरुको कार्य र कर्मबाट लगाईन्छ , हामी हेंर्छौ कि सन् ६३७ ई. मा मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को दोस्रो प्रतिनिधि उमरको कार्यकालमा फलस्तीन (योरोशलम) माथि मुस्लिमहरुको कब्जा भयो, र योरोशलमको कुनै घरलाई कुनै खालको पनि हानि पुगेन, रणभूमी बाहेक योरोशलमको अरु कुनै ठाउँमा रगतको एक थोपा पनि बगाईएन , नमाजको बखत भएपछि योरोशलमको सबै भन्दा ठूलो धर्मगुरुले गिरजाघर भित्र नमाज पढन् आग्रह गऱ्यो, उमर (उनसित अल्लाह राजीहुन)

ले यस कारण यो प्रस्ताव कबूल गरेनन् कि आउनेवाला मुसलमानहरु त्यस भित्र नमाज पढन दावी न गर्नथालुन र त्यसलाई आफ्नो मस्जिद न बनाउन् थालुन् । तर सन् १०९९ ई. मा जब ईसाईहरुले पुनः योरोशलम माथि कब्जागरे तब मुसलमानहरुको घर,धनलाई नष्ट गरिहाले, तीन दिन सम्म मुस्लिमहरुको रगत योरोशलमको बाटोहरुमा बगाईयो, ७० हजार मुसलमान बुढो,महिला,र बच्चाहरुको क्रुरतासित हत्यागरियो , त्यस मध्ये १० हजार ब्यक्तिहरुको हत्या मस्जिदे उमर भित्रगरियो । मुस्लिमहरुले योरोशलम माथि विजय प्राप्त गरेर यो प्रमाणितगरे कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) पूरा संसारको लागि शान्ति एवं करुणाको पैगाम (निम्तो) लिएर आए । र यस पश्चात पनि मुसलमानहरु आफ्नो बिरोधीहरुको तूलनामा अधिक दया एवं न्यायको प्रमाण दिए , पराजितहुने शत्रुहरु माथि कुनै खालको अन्याय र जोर जबरजस्ती गरेनन् , यसको एक मात्र कारण हो मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनहरु जस निर्देशनको प्रभाव अदभुत छ र विश्वको शान्तिकोलागि अति अवश्यक छ ।

आर्को ठाउँमा स्मीथ ज्यू भन्नुहुन्छ : विश्वमा मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम) जस्तो मित्र पनि कोई दोस्रो देखिदैन उहाँ आफ्नो साथिहरुको सत्य मित्र थिए । यो

मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को महान व्यक्तित्वको प्रभाव थियो कि इस्लामको आरम्भिक कालमा उहाँको नजीक मक्कःको अति महान ब्यक्तिहरु एकजुट भए । उहाँ अत्यन्त कृपालु एवं दयालु थिए , एउटा बिदेशी राजदूतको वर्णन छ जुन उहाँको जीवनमा दूतबनेर आएको थियो, " मैले ईरानको खुसरु र यूनानको हेरक्लहरुलाई हेरेको छु तर मैले मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) जस्तो शासक कहिले पनि हेरेका थिएन जुन शासक भए पनि साधारण व्यक्ति जस्तो जीवन ब्यतित गरिरहेका थिए र सबैको हृदयको शासक पनि थिए " । उहाँको जीवन वास्तवमा सूर्य जस्तो थियो जसको प्रकाश सारा संसारलाई प्रकाश र मार्गदर्शन दिन्छ । उहाँ शासक, जरनेल, धर्मगुरु, ईशदूत, इतिहासकार, न्यायधीश...आदि थिए , तर उहाँको व्यवहार रहनसहन आदिमा घमन्डको छायाँ पनि थिएन , उनको महान्ता उनको सादगीमा नीहित थियो । (Mohammad And Mohammadanism-pub.1876)

**<u>आर डब्लु सोडर्न</u>** : पश्चिमी गुरु विद्वान र धर्मात्माहरुको अशैक्षता र अज्ञान्ता इस्लामको बारेमा आफ्नो अन्तिम चरणमा पुगेको थियो किनकि जब कुनै मान्छे उनीहरुको धर्मगुरु अथवा लेखक एवं विद्वानसित मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को बारेमा प्रशनगर्थ्यो कि उहाँ को थिए ? उहाँलाई यस्तो उदाहरणीय सफल्ता कसरी प्राप्त भयो ?

यसको उत्तरमा यी पश्चिमी धर्मगुरुहरु भन्थे कि उहाँ एउटा जादूगर हुनुहुन्थ्यो जसले आफ्नो जादूबाट अफ्रिका र अन्य देशहरुलाई मुसलमान बनाए । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) लाई जादूगर भन्नेवालाहरु आज यसकुरामा विश्वासगर्न बाध्य छन कि संसारमा मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) जस्तो दोस्रो धर्मनिर्देशक जन्मेकै छैन । (Western Views of Islam in Middle Ages-pub.1962)

**ए जी लेवनार्ड** : मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) कुन कारण सबै भन्दा उत्कृष्ट थिए यो जान्नुको लागि हामीलाई त्यस युगको इतिहास पढनुपर्छ जुन युगलाई धार्मिकदण्डको नामबाट जानिन्छ । त्यसकालमा ईसाईहरुले धर्मदण्डको नाममा निर्दोष व्यक्तिहरुको रगत यस प्रकार बगाए कि इतिहास त्यसलाई बिर्सनै सकदैन । अबलेगेन्ज, वाल्डनेसन, बारयोलोमियो, यस कुर्कमको स्र्वश्रेष्ठ मान्छेहुन । यस विपरीत मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) र उहाँको अनुयायीहरु कसै माथि धर्मदण्डको नाममा अत्याचार गरेनन् , आफ्नो धर्मलाई फैलाउनको लागि कुनै निर्दोषको रगत बगाएनन् , मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को यसै विशेषताको कारण विश्वको सबै सम्मानजनक महात्माहरु मथि उत्कृष्टता प्राप्त छ ।

लेवनार्ड आर्को ठाउँमा भन्छन् : मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले पवित्र जीवन व्यतीतगर्नु भयो के दूतहुनु भन्दा अघि अथवा पछि उहाँको जीवन साधारण एवं स्वच्छ थियो, उहाँको कुरा र कर्ममा केही अन्तर थिएन, मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को घातक शत्रुहरु पनि उहाँलाई सत्यवान मान्थे र उहाँको सत्यता र धरोहरता माथि विश्वास राख्दथे ।

(Islam-pub.1909 -&- Mohammad And Mohammadanism-pub.1874)

**एम एम वाट** : ईसाईहरुले जुन व्यक्तिलाई अन्धकारको सीजर (शहजादा) भने वास्तवमा पूरा संसारमा प्रशंसा योग्य मात्र त्यही व्यक्ति नै छ । आज ईसाईहरुलाई मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को जीवनीको अध्यन ईमान्दारी र सत्यतासित गरेर मुस्लिम समुदायसित जुन घृणा उनीहरुको हृदयमाछ त्यसको अन्तगर्नु पर्छ र इस्लाम व ईसमईयत बीच जुन युद्ध भएछ त्यसलाई बिर्सनु पर्छ । यो युद्धहरु किन लडिए यो आर्को कुरो हो यी युद्धहरुलाई लिएर विश्वको सबै भन्दा प्रशंसनीय व्यक्तिसित घृणागर्नु उचित छैन, किनकि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) सित घृणागर्नुको अर्थ उहाँको सबै महान्ता र विशेषतालाई झुठलाउनु हो जस महापुरुष जस्तो यस संसारमा कुनै दोस्रो छैन ।

(Mohammad Prophet And Statsman)

<u>**मर्गो लियुथ**</u> : मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को व्यक्तित्व र उहाँको निर्देशन माथि कलंक लगाउनु अघि सोचनुपर्छ , पहिला उहाँको जीवनको अध्यनगर्नुस् र यसको साथ अरु दूत र सन्देष्टाहरुको जीवनीको पनि अध्यनगर्नुस् फेरि हेर्नुस् कि सबै सन्देष्टाहरु सम्मान योग्यछन् तर मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) सबै मध्ये उत्कृष्ट छन् । र <u>मार्गो लियुथ</u>को आर्को ठाउँमा कथन छ : मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले आफ्नो शत्रुहरुलाई अल्लाहको हुकुम अनुसार दण्ड दिनु भयो यो मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम) माथि अनिवार्य थियो किनकि अल्लाहको यही आदेश थियो, र जहाँ सम्म उहाँको दयाको कुरो छ त्यसमा उहाँ उदाहरणीय हुनुहुन्थ्यो, जसले पनि उहाँलाई निर्दयी भन्छ त्यस भन्दा झूठो यस संसारमा अरु कोही छैन । (Mohammad And The Rise of Islam)

<u>**ई शासाव :**</u> (जर्मन स्कालर) मनुष्य आफ्नो प्रेमद्वारा चिनिन्छ, र सन्देष्टाहरु आफ्नो साथीहरुद्वारा, कुनै सन्देष्टाको निर्देशनको वास्तविक प्रभाव उहाँहरुको साथीहरुमा नै देखिन्छ , तिनीहरुले उहाँहरु मथि विश्वासगरि उहाँहरु मथि ईमान ल्याए । अहदनामा कदीमको अध्यनबाट यो थाहाहुन्छ कि कस्ता कस्ता महान

दूतहरु थिए र उहाँहरुको अनुयायीहरु कस्तो झूठो र मुनाफिकहरु (कपटीहरु) थिए , आफ्नो नबी (दूत) सित माँगगर्थे कि आफनो अल्लाहसित भन्नुस् कि हामीलाई आफ्नो अनुहार देखाउन् , र हामीलाई प्याज खानदेउन् , र कति पैगम्बर यस्तो पनि थिए उहाँको अनुयायीहरुले उहाँहरुलाई यातना पनि दिए, फेरि मसीहको साथीहरुलाई हेर्नुस् कि यहूदाले मसीहको सौदागऱ्यो र मसीहलाई धोकादिई उहाँलाई तीस रुपैयाँमा बिक्री गरिहाल्यो । र मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को साथीहरु मथि एक दृष्टि हाल्नुस् , आफ्नो नबीकोलागि उहाँका साथीहरु भन्थे हे अल्लाहको रसूल तपाईको लागि हामीहरुको मातापिता पनि कुर्बान (बलि) हुन् । आखिर मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को साथिहरुमा र अन्य नबीहरुको साथीहरुमा यो अन्तर किन थियो ? यस प्वाइन्टमा हृदयले बिचारगर्नुस् । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनहरु अति प्रभावशाली र सत्यतामा आधारित थिए यसै कारण यस्तो उदाहरणीय साथी बनाउनु भयो । (History of the ottoman Empiore part- 3)

<u>**सर विल्यम मयूर**</u> : यो हेर्नु र प्रमाणितगर्नुको लागि कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) कहिले पनि आफ्नो धर्मको प्रचारको लागि कसैसित भयभितहुनु भयो । यदि

हामी इतिहासको अध्ययनगर्छौं भने यो प्रयास असफल हुनेछ, किनकि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) १३ वर्ष सम्म जुन धैर्यकोसाथ आफ्नो प्रचार प्रसारलाई निरन्तरता पूर्वक कसै खतरा र धमकीबाट भयभित न भई गर्नु भयो । त्यसको उदाहरणदिन इतिहास असमर्थ छ । मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम)ले हरेक कष्ट सहनगरि आफ्नो आस्थाको प्रचारगर्नु भयो, र यसकोसाथ साथै हामी यो पनि हेर्छौं कि उहाँको आस्थालाई अस्वीकारगर्नेहरु माथि कदापि अल्लाहसित उसको प्रकोपको दुआ गर्नु भएन् । मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम) धैर्यतापूर्वक प्रत्येक स्थितिको सामनागरे र शत्रुहरुको अत्याचार सहन गरे, र आफ्नो साथीहरुलाई मदीनः तीर प्रस्थानगर्ने आदेश दिए , फेरि सबै साथी हिजरत गरे पछि आफू पनि मदीनः तीर हीजरत ( प्रवास)गरे यो उहाँको आस्थाको विशाल विजय थियो, फेरि सात वर्षको अन्तराल पछि विजई भई मक्कःमा प्रवेशगरे ।

(Life of Mohammad-pub.1861)

**गिब्न** : सातौ शताब्दीका ईसाईहरु कुफ्रलाई अपनाउन् थालेका थिए , एक अल्लाहलाई तीन बनाई सकेका थिए , ईसामसीह जुन एउटा महान मनुष्य थिए उहाँलाई ईश्वरको पुत्रबनाईहाले, ईसाईहरुको हरेक समूहले आफ्नो आफ्नो तरिकाले यस आस्थालाई अपनाए, फेरि हरेक समूहले यो दावीगर्न थाल्यो कि सत्य आस्था उहीसित छ र अरु सबै

समूहहरु पथभ्रष्टछन् । यस्तै ईश्वर माथि उनीहरुको आस्था जटिल भन्दा जटिल हुँदैगयो । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले अल्लाहको जुन तसव्वुर र आस्था पेशगर्नु भयो त्यसमा कुनै खालको जटिलता छैन, यो ज्योति हो । र मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) माथि अवतरित भएको कुर्आन अल्लाहको एकहुनुको स्र्वश्रेष्ठ प्रमाणहो । मक्कःको पैगम्बरले अल्लाह बाहेक मूर्ति, मनुष्य, सूर्य, चद्र, …आदि सबैको पूजा व उपासनालाई ठुकराए , उहाँले मस्तिष्कमा आउने विधिहरु सामुन्ने राखे, कि जुन उदय हुन्छ त्यो अस्त पनि हुन्छ, र जुन जन्मन्छ त्यो मर्छ , र जुन पथभ्रष्ट हुन्छ त्यो बरबाद हुन्छ । अकलमा आउने सहज र साधारण अन्दाजले उहाँले ईश्वर एक हुनुको आस्थालाई प्रमाणितगर्नु भयो पूर्ण संसारमा यसको उदाहरण मिल्दैन । अरबको सन्देष्टाले भन्नु भयो कि अल्लाह त्यो हो जुन मानवको हृदयमा लुकेको भावलाई पनि जान्दछ, र वर्तमान र भविष्यको कुरालाई पनि जान्दछ , र त्यो अति ज्ञानी छ । विश्वको ठूलो भन्दा ठूलो विद्वान मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशनहरुलाई र अल्लाह एक हुनुको आस्थालाई झुठलाउन सकदैन । (Kise Decline and the Fall of the Roman Empire)

**<u>एफ शुवान</u>** : मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को ईश्वर न्यायगर्नेवाला कृपालु एवं दयालु छ । जुन बखत

मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) रहमान र रहीम शब्द आफ्नो मुखबाट प्रकटगर्नसाथ मानो आकाश प्रकाशबाट ( नूर) पूर्ण भईहाल्थ्यो र नूरको किरण आकाशबाट झरेर मनुष्यहरुलाई जीवन प्रदानगर्दथ्यो ।

(Understanding Islam-pub.1965)

**आर वी सी बोडले** : कति बेईमान र झूठा पश्चिमी इतिहासकारहरुले मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) माथि आरोप लगाएका छन् , यदि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) चरित्रहीन बेईमान हुनुहुन्थयो भने हजरत खदीजा (उहाँसित अल्लाह प्रसन्न हुन) कदापि आफ्नो धन उहाँलाई व्यवसायगर्नको निम्ती दिँदैन थिईन् र फेरि उहाँसित विवाह गर्दैन थिईन् , हजरत खदीजाले उहाँको धरोहरता र सत्यतालाई हरेर मात्र यो सबै गरिन् ।

आर्को ठाउँमा बोडले ज्यू भन्छन : हजरत मूसा र कनफियुशश अथवा बुद्धको बारेमा कुनै यस्तो रिकार्ड सुरक्षित छैन जसबाट हामी उनीहरुको समस्त जीवनको जानकारी प्राप्तगरौ । यस बाहेक मसीहको बारेमा पनि हाम्रो ज्ञान पूर्णछैन, मसीहको प्रारम्भिक तीस वर्षबाट अन्धकारको पर्दा हटेछैन । तर यस विपरीत मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम) को सम्पूर्ण जीवन सूर्य जस्तो प्रकाशित छ हामी मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)

बारे त्यति नै ज्ञान राख्दछौ जति आफ्नो बारेमा । उहाँ ईशदूत थिए र आफूलाई कदापि मुकदद्स (महातम्य) मनाउन् खोजनु भएन उहाँ सबैको भलो चाहन्थे, उहाँले आफूलाई ईश्वरको अवतार भन्नुभएन , उहाँ आफूलाई एउटा मनुष्य भन्थे, जुन सबैलाई उद्धारको मार्गदर्शन गरिरहेको थियो, निःसंदेह उहाँको निर्देशनहरु हरेक युगकोलागि मार्गदर्शन हो ।

( The Messenger-pub.1954)

**<u>वालटियर :</u>** मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) भन्दा महान व्यक्ति, मानवताको उद्धारकर्ता यो संसार कदापि जन्माउन् सकदैन ।

(Phylosophical Dictionary)

**<u>इन्साइकलोपीडीया ब्रटानिका</u>** : एतिहासिक ग्रन्थहरुमा जुन ज्ञानवर्धक जान्कारीहरु नयाँ विद्वानहरुले मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम)को अन्तिम २० वर्षको बारेमा लेखेछ्न , त्यसबाट मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को जीवन र उहाँको व्यक्तित्व स्पष्ट भईहाल्छ, उहाँको जीवनी को सबै भन्दा महत्वपूर्ण अंश यो हो कि यस्तो विशाल विजेता भएर पनि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को मानवतामा कुनै खालको कमी देखिदैन बरु उहाँको मानवता बढदैगयो । र आर्को ठाउँमा लेखिएछ : कि

मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) समस्त रसूलहरु मध्ये सबभन्दा उत्कृष्ट र सफल थिए , तर यो सफलता आकास्मिक थिएन बरु उहाँको निष्कपट साहस र उहाँको प्रभावशाली व्यक्तित्वको परिणाम थियो ।

**एच जी वेल्ज** : प्रश्न यो छ कि यस्तो मान्छे जसमा कुनै पनि गुण नहोस् त्यसको कोही मित्र हुनसकछ ? वास्तविकता यो हो कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) लाई उहाँको निकट्तम साथीहरु उहाँलाई राम्री जान्दथे, र उनीहरुको नै ईमान र विश्वास उहाँ माथि सबै भन्दा अधिक थियो, खदीजा र अबू बक्र (उहाँहरुसित अल्लाह प्रसन्न हुन) को ईमानमा कहिले पनि कमी आएन, अबूबक्र आफ्नो पैगम्बर माथि जस्तो ईमान राख्दथे त्यो सूर्य जस्तो प्रकाशित छ , र त्यस कालको इतिहासको अध्यनगरे पछि यो अनिवार्य भई हाल्छ कि अबू बक्रको सत्यता र निष्छल्ता अथवा उनको गवाही माथि विश्वासगरौ । झूठो मान्छेको निर्देशनमा झूठको मिसावट हुन्छ, र सत्यवानको निर्देशनमा सत्यको , मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम)को निर्देशन यो हो कि सत्य सबै भन्दा ठूलो अनुकम्पा र गुणहो , र जुन मान्छे झूठा छ त्यो मुसलमान हुन्सकदैन । फेरि यस भन्दा ठूलो कुरो यो हो कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले अल्लाह मात्र

एक छ को निर्देशन दिनुभयो, र फेरि भन्नुभयो इस्लाम मानवता, दया, दान, र समान्ताको धर्महो , यो विश्वको हरेक मनुष्यको अवश्यक्तालाई पूर्णगर्नेवाला धर्महो । (Outlines of History-pub.1920)

**जी एल बैरी** : मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) लाई मात्र एउटा सन्देष्टाको रूपमा न हेरी एउटा एतिहासिक व्यक्तिको रूपमा पनि हेर्नु पर्छ । यो मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को जीवनी र उहाँको निर्देशनहरु नै हुन जसले इस्लामलाई विश्वको महान संस्कृति मध्य एक बनायो र विश्वको कुनै पनि संस्कृति छैन जसले इस्लामको संस्कृतिको प्रभावलाई कबूल न गरेकोहोस् । मानवताको संस्कृतिक ब्यवस्थापनमा मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) को उदाहरणीय र अदभुत योगदान छ ।

(Religion of The World)

**थामस कारलायल** : ईश्वर (अल्लाह) एक छ ईशवर शक्तिशाली छ ईश्वरले हाम्रो रचनागऱ्यो, त्यही मृत्यु दिन्छ र त्यही जीवन दिन्छ , अल्लाह महान र विशालछ , त्यसैको अज्ञापालनगर , जुन हत्या हिंसाबाट बाँचछ अल्लाह ऊ सित प्रसन्नहुन्छ र त्यसको प्रतिफल दिन्छ । यो आस्था मानवलाई मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले दिए ,

यस आस्थामा जुन व्यक्ति पनि ईमान राख्दछ त्यो यस धर्तीको सबै भन्दा श्रेष्ठ मान्छे भईहाल्छ । ईसाईधर्ममा छ कि तिमीलाई कसैले एक चाटा मान्यो भने दोस्रो गाल पनि फर्काई देऊ, तर इस्लाममा कुनै यस्तो कुराछैन यहाँ प्रतिशोध पनि छ तर त्यसका विधिहरु छन् न कम न अधिक । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) माथि कतिपय इस्लाम बिरोधीहरु आरोप लगाउँछन कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) विलासलाई मनपराउँथे, के यी मूर्खहरुलाई यो थाहा छैन कि मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) आफ्नो जुत्ता आफै मरम्मतगर्थे र आफ्नो लुगामा आफै टालो लगाउँथे बाख्रा चराउँथे र व्यवसायगर्थे । म मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)लाई यस कारण हिरो मान्छु कि उहाँ आफ्नो सीमा बाहिर कदापि निस्कनु भएन , घमन्डगर्नु भएन , अत्याचारगर्नु भएन तर यसकोसाथ साथै असत्यता अगाडी कहिले पनि झुकनु भएन ।

(The Hero As Prophet)

**आर डब्लु स्टुबार्ट** : मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)को प्रकाश हरेक ठाउँमा देखिन्छ ,दिनमा पाँच पटक एशिया, अरब, अफ्रिका, अमेरिका, अर्थात सारा संसारमा जब मुस्लिमहरु नमाज पढछ्न र आफ्नो अल्लाह समक्ष उभिन्छन तब यो मान्नै पर्छ कि मोहम्मद (सल्लल्लाहो

अलैहेवसल्लम)को धर्म साँचो छ र सदैव जीवित रहन्छ ।

(Islam And Its Founder)

**एल वी वागलेरी** : कुनै पनि धर्म जुन मनुष्यलाई उन्नति र खुशी दिदैन त्यो धर्म जीवित रहन सकदैन , मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम) विश्वको लागि एउटा यस्तो धर्म ल्याए जुन मनुष्यलाई उन्नति दिन्छ र त्यसलाई खुशी र शान्ति दिन्छ , किन कि इस्लाम जस्तो परफेक्ट (परिपूर्ण) कुनै अरु धर्म छैन । (Islam Our Choice)

**एच पायरेनी :** मानवताको संसारमा एउटा दरार भईहालेको थियो, मानिस मानिसबाट टाढा भईहालेको थियो, अरबको रेतीलो महाद्वीपमा मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) ले मानवताको दीप जलाएर मानवलाई मानवसित मिलाएर सबैलाई एक शरीर जस्तो बनाएर त्यस दरारलाई पूर्णगरे ।

(Mohamet And Charlemagne-pub.1968)

**आईरिना मेडमिकस :** मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) ले जुन तीन वस्तुलाई मनपराउनु भयो त्यो नमाज( उपास्ना) खुशबु (सुगन्ध) र महिला हुन । महिला उहाँको दृष्टिमा सम्मान जनक थिईन , त्यस वातावरणमा जहाँ केटीहरुलाई जीवित चिहान भित्र गाडिन्थ्यो मोहम्मद (

सल्लल्लाहो अलैहेवसल्लम) ले त्यस्तो वातावरणमा महिलाहरुलाई जीवित रहनुको साथसाथै अन्य अधिकार पनि दिनुभयो, महिलाहरुको अधिकारको रक्षा जुन प्रकारले मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले गर्नु भयो पूरा संसारमा कसैले गरेको छैन । मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले इस्लाममा महिलालाई त्यो महान पद प्रदानगर्नु भयो जुन आजको एडवान्स पश्चिमी समाजमा पनि देखिदैन, इस्लाममा एउटा विवाहित महिलालाई त्यो कानूनी सुरक्षा र अधिकार प्राप्त छ जुन कुनै अंग्रेज महिलालाई पनि प्राप्त छैन , त्यो जन्म, विवाह, मृत्युको गवाही दिनसकछे र उसलाई यो अधिकार प्राप्त छ जुन फ्रान्सिसि महिलालाई पनि प्राप्त छैन । (Women in Islam-pub.1930)

<u>**अलबर्ट वायल र एमली मेकलिलेन**</u> : अब मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम) बिजेता थिए र अरबको शासक थिए उहाँको मुखबाट निस्केको हरेक शब्द कानूनकोदर्जा राख्थ्यो , उहाँ एकलै शासनको अधिकारी थिए , यदि उहाँ चाहनुहुन्थ्यो भने समस्त धन सम्पत्ति एकत्रगरेर आनन्दले आफ्नो जीवन ब्यतितगर्न सकथे, तर उहाँले यस्तोगर्नु भएन, उहाँ पहिला जस्तै साधारण जीवन ब्यतितगरे, र उहाँलाई जे पनि मिलथ्यो सबैमा बाँडेर आफू खालीहात नै रहन्थे । (Transforming Light-pub.1970)

**वाशिङटन अरुङ** : मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) यस्तो जरनेल हुनुहुन्थ्यो जुन सेनाको सबै भन्दा अन्तमा आउनेवाला सैनिकको पनि हेरचाह गर्नुहुन्थ्यो , र उहाँ कमजोर असहायको विशेष हेरचाह गर्नुहन्थ्यो ।

(Life of Mohamet-pub.1928)

**आर डब्लु स्काट** : प्रत्येक रूमी कैसरहरु (राजाहरु) र कसतुनतुनिया सम्मको सम्राटहरु आफूसित प्राजित भएको मान्छेहरु माथि अत्याचारगर्थे , उनीहरुको धर्मगुरुहरु र पादरीहरु एवं विद्वानहरु सम्राटहरुलाई अत्याचारगर्न आज्ञा दिएर अन्य धर्मावलम्बीहरु मथि अत्याचारगर्न जायजगरि हालेकाथिए । र यस कुराबाट को इन्कारगर्न सकछ कि अधिकतम धर्महरु तरवारको शक्तिले फैलिएको छ , स्पेनमा मुस्लिमहरुलाई जबरजस्ती ईसाई बनाईयो यसलाई इतिहास कसरी बिर्सनसक्छ । यस विपरीत मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) ले आफ्नो शत्रुहरुलाई माफगरेर आफ्नो उदाहरणीय स्वभाव र निर्देशनहरुबाट जुन कृतिगर्नु भयो त्यसलाई इतिहास कदापि बिर्सनसकदैन ।

( Islam And its Founder-pub.1876)

**आर बील :** मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम)ले कदापि यो दावीगर्नु भएन कि उहाँ चमत्कारगर्न क्षम्ता राख्नुहुन्छ ,

उनी सधै भनिराख्नु भयो कि यो चमत्कारहरु अल्लाहका हुन र अल्लाहको सबै भन्दा ठूलो चमत्कार उहाँ माथि अवतरित गरिएको कुर्आन हो । (The Origin of Islam in The Christian Environment-pub.1926)

**<u>हिटलर :</u>** महान सिद्धान्त शास्त्री एवं धर्मशास्त्री महान नेता हुन सकदैन , यस विपरीत अन्दोलनकारी एउटा महान नेता हुन्सकछ । यस संसारमा एउटै व्यक्ति सिद्धान्त शास्त्री र नेताहुनु दुर्लभ छ तर महान्ता यसैमा नीहित छ । इस्लामको संदेष्टा मोहम्मद (सल्लल्लाहो अलैहेवसल्लम) को व्यक्तित्वमा यो दुर्लभतम उपलब्धी साकार हुँदा संसारले हेरेको छ । (Mein Kamp-&-Mohammad The Prophet of Islam by Mohd. Idrees salafi)

यो सबै विद्वानहरुको भनाई स्पष्ट पार्छ कि मोहम्मद ( सल्लल्लाहो अलैहेवसल्लम) नै यस संसारको हीरो हुनुहुन्छ । र उनको निर्देशनलाई अपनाएर प्राणीको उद्धार हुन्छ । अल्लाह हामीहरुलाई यी निर्देशनहरुलाई कबूलगर्न र त्यसको आधारमा अआफ्नो जीवन ब्यतितगर्न शक्ति एवं भक्ति प्रदानगरुन । (आमीन)

अतीकुर्रहमान कोहम्मद इदरीस खान
कपिलवस्तु नगरपालिका वार्ड नं.९ महुवा
तौलिहवा कपिलवस्तु (नेपाल)